# कृषि विकास बैंक लिमिटेड

रामशाहपथ, काठमाडौं

## अपरिष्कृत वित्तीय विवरण

### आर्थिक वर्ष २०७४/०७५ तेस्रो त्रयमास (२०७४ चैत मसान्त)

रू. हजारमा

| क्र.सं. | विवरण | यस त्रयमास | अघिल्लो त्रयमास | गत वर्षको सम्बन्धित त्रयमास |
|---|---|---|---|---|
| १. | **कुल पुँजी तथा दायित्व (१.१ देखि १.७ सम्म)** | १२५,७८६,९७२ | १२५,५८६,७९० | ११६,३२३,६८१ |
| १.१ | चुक्ता पुँजी | १३,९३७,९२८ | १३,९३७,९२८ | १२,५२०,३९२ |
| १.१.१ | साधारण शेयर | ८,५०५,२१६ | ८,५०५,२१६ | ७,०८७,६८० |
| १.१.२ | अमिमोच्य, असंचिति, अग्राधिकार शेयर (नेपाल सरकार) | ५,४३२,७१२ | ५,४३२,७१२ | ५,४३२,७१२ |
| १.२ | जगेडा तथा कोष | ९,६४५,३७६ | ८,९२०,६९६ | ८,६८७,९९८ |
| १.३ | ऋण पत्र तथा बण्ड | ९२०,००० | ९२०,००० | १,३८०,००० |
| १.४ | सापटीहरू | ६११,९३६ | ६१३,११८ | ७१६,४५४ |
| १.५ | निक्षेप | ९७,१०५,६१२ | ९८,१७३,४१२ | ८९,५३०,४८८ |
| १.५.१ | स्वदेशी मुद्रामा | ९७,०९९,४६२ | ९८,१६७,३५९ | ८९,५२४,३८३ |
| १.५.२ | विदेशी मुद्रामा | ६,१५० | ६,०५३ | ६,१०५ |
| १.६ | आयकर दायित्व | - | - | - |
| १.७ | अन्य दायित्व | ३,५६६,१२० | ३,०२१,६३६ | ३,४८८,३४९ |
| २. | **कुल सम्पत्ति (२.१ देखि २.७ सम्म)** | १२५,७८६,९७२ | १२५,५८६,७९० | ११६,३२३,६८१ |
| २.१ | नगद तथा बैंक मौज्दात | ९,५९१,३६२ | ११,०६५,८१९ | १०,८५६,६५४ |
| २.२ | माग तथा अल्पसूचनामा प्राप्त हुने रकम | २,२४० | २,१८० | २,१९३ |
| २.३ | खुद लगानी | १२,६६२,३९८ | १५,०५९,३८१ | ९,६६६,५९५ |
| २.४ | खुद कर्जा तथा सापट | ९४,८९७,११९ | ९२,११२,३७५ | ८८,६८८,५६० |
| | क. रियल स्टेट कर्जा | ५५६,५७२ | ५५३,२०५ | ५५५,११५ |
| | १. आवासीय घर कर्जा | - | - | - |
| | २. व्यापारिक घर तथा आवासीय अर्पाटमेन्ट | ५५६,५७२ | ५५३,२०५ | ५५५,११५ |
| | ३. व्यावसायिक कम्प्लेक्स | - | - | - |
| | ४. अन्य रियलस्टेट कर्जा | - | - | - |
| | ख. आवासीय घर कर्जा (रु. १ करोडसम्म) | ५,२७६,५२५ | ५,२६९,५०७ | ५,३६८,७८४ |
| | ग. मार्जिन प्रकृतिको कर्जा | - | - | - |
| | घ. आवधिक कर्जा | ९,७३१,१४५ | १०,३३९,३०६ | ११,५००,१८२ |
| | ङ ओभर ड्राफट/ट्रस्ट रिसिप्ट/सञ्चालन पुँजी कर्जा | ७२,७६२,०७६ | ६९,४००,५६४ | ६३,७००,२०३ |
| | च. अन्य कर्जाहरू | ६,५७०,८०१ | ६,५४९,७९२ | ७,५६४,२७५ |
| २.५ | स्थिर सम्पत्ति | १,२५७,१७५ | १,१९३,९९८ | १,११९,५८० |
| २.६ | खुद गैरबैंकिंग सम्पत्ति | - | - | - |
| | कुल गैरबैंकिंग सम्पत्ति | २२१,२१० | २२१,८४५ | १९१,३५३ |
| | कुल गैरबैंकिंग सम्पत्ति व्यवस्था | (२२१,२१०) | (२९१,८४५) | (१९१,३५३) |
| २.७ | अन्य सम्पत्ति | ७,३७६,६७८ | ६,१५३,०३७ | ५,९९०,०९९ |
| **३.** | **नाफा नोक्सान हिसाब** | **यस त्रयमाससम्म** | **गत त्रयमाससम्म** | **गत वर्षको सम्बन्धित त्रयमाससम्म** |
| ३.१ | ब्याज आम्दानी | ९,४६८,८५४ | ६,१५२,३९६ | ७,९३०,२६१ |
| ३.२ | ब्याज खर्च | ५,१६१,३८५ | ३,५००,५३२ | २,७७८,६७१ |
| (क) | **खुद ब्याज आम्दानी (३.१ - ३.२)** | ४,३०७,४६९ | २,६५१,८६४ | ५,१५१,५९० |
| ३.३ | शुल्क, कमिशन र बट्टा आम्दानी | २३३,१९८ | १५२,४३५ | १९५,०५७ |
| ३.४ | अन्य सञ्चालन आम्दानी | ६९०,८३५ | ३६२,७६० | ५०४,३३९ |
| ३.५ | सटही आम्दानी/(खर्च) | १२५,७२६ | ८९,००६ | ८०,२६३ |
| (ख) | **कुल सञ्चालन आम्दानी (क+३.३+३.४+३.५)** | ५,३५७,२२८ | ३,२५६,०६५ | ५,९३१,२५० |
| ३.६ | कर्मचारी खर्च | २,३३८,७९४ | १,४१९,०३२ | २,६३३,३८१ |
| ३.७ | अन्य सञ्चालन खर्च | ४८१,०८७ | ३०७,१३६ | ५५३,२८७ |
| (ग) | **नोक्सानी व्यवस्थाअघिको सञ्चालन मुनाफा (ख-३.६-३.७)** | २,५३७,३४६ | १,५२९,८९८ | २,७४४,५८१ |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरू | १,८८९,९९२ | १,११९,०८२ | ९२८,९२३ |
| (घ) | **सञ्चालन मुनाफा (ग-३.८)** | ६४७,३५४ | ४१०,८१७ | १,८१५,६५९ |
| ३.९ | गैरसञ्चालन आम्दानी/(खर्च) | ६०,०५२ | ४२,७९४ | ६,१५७ |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १,८०५,४९१ | ९६०,३५९ | ३९४,०६३ |
| (ङ) | **नियमित कारोबारबाट भएको मुनाफा (घ+३.९ +३.१०)** | २,५१२,८९७ | १,४१३,९७० | २,२१५,८८० |
| ३.११ | असामान्य कारोबारबाट भएको आम्दानी/(खर्च) | ९७,१८१ | ७७,९८० | ६६,८२१ |
| (च) | **बोनस र करअघिको नाफा (ङ+३.११)** | २,६१०,०७८ | १,४९१,९५० | २,२८२,७०० |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | १९३,३३९ | ११०,५१५ | १६९,०५० |
| ३.१३ | आयकर व्यवस्था | ६२८,३५२ | ३५२,२६७ | ५३८,८४७ |
| (छ) | **खुद नाफा/नोक्सान (च-३.१२-३.१३)** | १,७८८,३८७ | १,०२९,१६८ | १,५७४,८०४ |
| **४.** | **अनुपातहरू** | **यस त्रयमाससम्म** | **अघिल्लो त्रयमास** | **गत वर्षको सम्बन्धित त्रयमास** |
| ४.१ | पुँजी कोष/जोखिम भारित सम्पत्ति (CAR) | २०.७६% | १५.५८% | १७.३८% |
| ४.२ | निस्क्रिय कर्जा/कुल कर्जा (NPL) | ३.४९% | ३.९५% | ३.३०% |
| ४.३ | सम्भावित नोक्सानी व्यवस्था/कुल निस्क्रिय कर्जा (LLP/NPL) | १२८.३५% | १३१.५३% | १४५.५१% |
| ४.४ | कोषको लागत (Cost of Fund) | ७.१५% | ७.२२% | ५.६०% |
| ४.५ | कर्जा निक्षेप अनुपात (ने.रा.बै. निर्देशनअनुसार) CCD Ratio | ७९.१३% | ७९.५९% | ६९.३४% |
| ४.६ | आधार व्याजदर (Base Interest Rate) | १२.७२% | ११.५३% | ११.२०% |
| ४.७ | औषत व्याजदर अन्तर (ने.रा.बैं. निर्देशनअनुसार) (Interest Rate Spread) | ५.६१% | ५.८३% | ६.०६% |
| ४.८ | प्रति शेयर आम्दानी (रु)* (EPS) | २४.२० | २०.३७ | २४.७४ |
| ४.९ | मूल्य/आम्दानी अनुपात (P/E Ratio) | १३.८८ | २०.६२ | १९.०८ |
| ४.१० | सम्पत्तिमा प्रतिफल (ROA) | १.९०% | १.६३% | १.८१% |
| ४.११ | इक्विटीमा प्रतिफल (ROE) | ९.१०% | ९.९६% | १३.५३% |
| ४.१२ | प्रतिशेयर खुद मूल्य रु. (Networth Per Share) | २१०.५३ | २०२.९७ | २१८.९२ |
| ४.१३ | तरलता अनुपात (Liquidity Ratio) | २३.०१% | २६.२०% | २२.६४% |

सुपरिवेक्षकीय निकाय तथा बैधानिक लेखा परीक्षकको निर्देशनको आधारमा हिसाबहरू पुनः वर्गीकरण वा पुनः लेखन हुनसक्ने ।

*प्रतिशेयर आम्दानि गणनामा इरिडिमेबल नन्क्युमुलेटिभ प्रिफरेन्स शेयर समावेश गरिएको छैन ।

**कृषि विकास बैंक लि.**

**त्रैमासिक प्रतिवेदन**

**आर्थिक वर्ष २०७४/०७५ को तेस्रो त्रयमास (२०७४ चैत मसान्त)**

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, नियम २६ (१) अनुसूची १४ अनुसार**

### १. वित्तीय विवरण

(क) **त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सानसम्बन्धी विवरण** : आर्थिक वर्ष २०७४/०७५ को तेस्रो त्रैमासिक वित्तीय विवरणमा उल्लेख गरिएको छ ।

(ख) **प्रमुख वित्तीय अनुपातहरू** : आर्थिक वर्ष २०७४/०७५ को तेस्रो त्रैमासिक वित्तीय विवरणमा उल्लेख गरिएको छ ।

### २. व्यवस्थापकीय विश्लेषण

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारणसम्बन्धी विवरण :**
यस अवधिमा कुल कर्जा तथा आम्दानी दुवैमा वृद्धि भएको छ । त्यसैगरी, निक्षेपको व्याज खर्च वृद्धि भएको छ । विगतमा लगानीयोग्य तरलता व्यवस्थापनमा परेको चापको कारण निक्षेप समिश्रण र व्याज खर्चमा असर रहे तापनि समग्रमा बैंकको कारोबार नियमित रहेको छ । यस बैंकको संस्थागत निक्षेपकर्ताले उच्च व्याजदरमा निक्षेप नवीकरण गर्न अनुरोध गरेकोमा बैंकले उच्च व्याजदर प्रदान गरी मुद्दती निक्षेप नवीकरण गर्न नसकेकाले साधारण निक्षेप बढेतापनि कुल निक्षेप रकममा कमी आएको छ । तरलताको अवस्था सन्तोषजनक रहेको छ ।

(ख) **आगामी अवधिको व्यावसायिक योजनाको सम्बन्धमा** : विवेकशील नियमनको पूर्ण परिपालनासहित व्यावसायिक कृषिको क्षेत्रलाई विशेष प्राथमिकता दिँदै ग्राहकको चाहना तथा व्यवसायको सम्भाव्यताअनुरुप सामाजिक अभिमुखीकरण, समावेशीकरण तथा वित्तीय साक्षरतासहितको सघन एवं विस्तारित बैंकिंग सेवा उपलब्ध गराइने नीति तथा कार्यक्रमलाई निरन्तरता दिइएको छ । नेपाल सरकारको स्थानीय तहका केन्द्रहरूमा बैंकको शाखा स्थापना गर्ने नीतिअनुरुप सम्भाव्य स्थानमा शाखा विस्तार गर्ने कार्यलाई प्राथमिकता दिइएको छ । व्यवसायमा अन्तरनिहित हुने जोखिमको प्रभावकारी व्यवस्थापन गर्दै उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गरी सम्बद्ध सरोकारवालाहरूको अधिकतम हित हुने गरी सन्तुलित रूपमा व्यावसायिक तथा सेवामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : विगतमा बजारमा लगानीयोग्य साधनको उपलब्धतामा देखिएको कमीका कारण उत्पन्न भएको असहज परिस्थितिको कारण निक्षेपको ब्याजदरमा भएको अत्याधिक वृद्धि तथा सोको कारण कर्जाको ब्याजदरलगायत समग्र रूपमा लागत तथा नाफामा पर्न गएको चाप समेतलाई मध्यनजर गरी वैकिङ्ग व्यवसायलाई सजगताका साथ व्यवस्थापन गर्दै बैंकका गतिविधिहरूलाई अघि बढाउनु पर्ने देखिएको छ ।

### ३. कानुनी कारबाहीसम्बन्धी विवरण

**देहायअनुसारको मुद्दा दायर भएको भए, मुद्दा दायर भएको मिति, विषय, मुद्दा दायर भएको संस्थापक वा सञ्चालकको नाम र संभाव्य कानुनी उपचारसम्बन्धी विवरण**

(क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरूद्ध कुनै मुद्दा दायर भएको भए** : यस अवधिमा बैंक पक्ष/विपक्ष भई विभिन्न अदालतमा विभिन्न मितिमा ६ वटा मुद्दा दायर भई विचाराधीन अवस्थामा रहेका छन् ।

(ख) **संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए** : यस बैंकको जानकारीमा आएको छैन ।

(ग) **कुनै संस्थापक वा संचालकविरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए** : यस बैंकको जानकारीमा आएको छैन ।

### ४. संगठित संस्थाको शेयर कारोबारसम्बन्धी विश्लेषण

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा ब्यबस्थापनको धारणा :**
बैंकको शेयर कारोबार नियमित एवं सन्तोषजनक रूपमा हुँदै आएको छ ।

(ख) **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या :**

| शेयरको अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | शेयर कारोबार भएको कुल दिन | कुल शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| रु. ४२३ | रु. २८३ | रु. ३३७ | ५६ | ३५१९ |

### ५. समस्या तथा चुनौती

**संगठित संस्थाले बहन गर्नुपरेको समस्या तथा चुनौती स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित संस्थाको आन्तरिक र बाह्य भनी वर्गीकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीतिसम्बन्धी विवरण :**

**आन्तरिक समस्या र चुनौती**

- उच्च सञ्चालन लागत, ब्याज खर्च ब्यवस्थापन र कर्मचारी आपूर्ति व्यवस्थापन ।

**बाह्य समस्या र चुनौती**

- बढ्दो प्रतिस्पर्धा, निक्षेपको ब्याजदरमा अत्याधिक वृद्धिलगायतका कारण कर्जा विस्तार तथा समग्र वित्तीय ब्यबस्थापनमा परेको प्रभाव ।

**चुनौती समाधान गर्न ब्यवस्थापनले अवलम्बन गरेको रणनीति**

उपर्युक्त समस्याको समाधान तथा चुनौतीहरूको सामना गर्न बैंकले थप सजगताका साथ समग्र कार्य सञ्चालन प्रणालीमा सुधार गर्न आवश्यक रणनीति अवलम्बन गर्दै आएको छ । उपलब्ध सम्पूर्ण स्रोत र साधनको अधिकतम परिचालन गरी निष्कृय तथा अपलेखित कर्जा असुलीमा प्रभावकारिता, प्रतिस्पर्धी व्याजदर कायम गर्न संचालन खर्चमा कटौती गर्ने प्रायोजनका लागि न्यून लागतको निक्षेप संकलनमा जोड दिँदै तरलता व्यवस्थापनमा प्रभावकारीता ल्याउने तथा ब्याजदर अन्तरको प्रभावकारी रूपमा व्यवस्थापन गर्दै आन्तरिक समस्याहरूको समाधान तथा बाह्य चुनौतीहरूबाट श्रृजना हुन सक्ने जोखिमको पूर्वानुमान तथा बैकिङ्ग कारोबारमा अन्तरनिहित जोखिमहरू समेतको पहिचान गरी कर्मचारी उत्पादकत्व अभिवृद्धिमा समेत जोड दिँदै जोखिम व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक रणनीति तयार गरी तदनुरुपका व्यवस्थापकीय कार्यहरू संचालन गरिएको छ ।

### ६. संस्थागत सुशासन

नेपाल राष्ट्र बैंकबाट जारी भएका नीति, नियम निर्देशनहरूको प्रभावकारी रूपमा पालना गर्ने गरिएको छ । साथै, अन्य नियमनकारी निकायहरूबाट जारी भएका नियमहरूको समेत यथोचित परिपालना गर्ने गरिएको छ । बैंक ब्यवस्थापन आफ्ना शेयरधनीहरू, सर्वसाधारण निक्षेपकर्ता तथा सम्पूर्ण सरोकारवालाहरूको हित संरक्षण गर्नका लागि सदैव प्रतिबद्ध रहेको छ ।

### ७. सत्य, तथ्य सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिबेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।